# भद्र काली

सिन्ह दरबार र सहिद गेट को बीच मा
खुकुरि र अचानो को माझमा,
कुप्रि जिजु आमा जस्तै गुँडुल्किएर
बसे को छौ,
सब देखेर पनि
न देखे जस्तै,
तिमी मौन बसे को छौ।

समय को
अमुक साछि  बने को छौ।

सिन्ह दरबार जल्दा होस कि
खरि बोट मा मांछे फुल्दा होस तिमी मौन छौ,

सिजन सिजन मा आउंछन
बथान बथान
दौरा सुराल हरु,
नयाँ र पुराना  र
चढाउंछन सहिद लाइ फूल का गुच्छा हरु,,
खिसिक्क हाँसेर,
भरे टि भि मा राम्रो आउंछ की भनि,
लाइ डिकटेटर ले जांच्ने हो भने छर्लंग हुंछ,
उनिहरुको दौरा सुराल ले छोपेको हृदय
कुन धड्कनमा बांचे को छ ?
को को संग ,के के किन बेच गर्ने भाखा राखेको को छ?

कृषि प्रधान देश मा,
सिजन पछि  चुहिएर आएको युरिया
छोप्न कृषक को लाइन होस
अथवा
प्रजातंत्र मा
आफ्नो अधिकार लिन,
सिन्ह दरबार हेद ैनारा लगाइ

तिम्रै आँगनमा  सोतर पर्ने
थरि थरि का अनसन बादि हुन,
सबैलाइ छहारि दिएर पनि
तिमी मौन छौ

तिमी लाइ मात्र थाहा छ
त्यो सिन्ह को गेट भित्र
के के भएको छ,?
के के  कति कति किनबेचको ताना बाना बुनियको छ ,
के कति लेन देन ले
कस कस्को सुट्केश  भरियको छ।

तिमी हेर्छौ अर्ध मुद्रित नयन ले
हेँरु कि भनि आंखा खोल्दै
फेरि देखियला भनि चिम्लँदै
किम कर्तब्य मुढ
आफ्नै घर मा युद्धगर्न निस्केका सैनिक हरु,
शांति सेना क्कफुटेका सपना

लड्नु परे को छ,
खातै खात सहिद बनाउने हरु का लागि
भाग सांति जय भन्ने हरु को लागि
आफ्नो    भाइ लाइ मार्न अथवा भाइ बाट मर्न,
धराप हुनु परेको छ
यो पांडब पांडब को युद्ध मा
(कौरब हरु त पर्खाल भित्र बसे का छन।)

तिमी मौन छौ,
सबै हाल देखेको
पीडीत,थकित धरहरा देखेर।
केवल
घंटा घर को घडि मात्र अगडि कुदेको छ/

तैपनि
तिमी मौन छौ
सबै देखेर

भद्र, बूढी मेरी बडाआमा जस्तै,
जिजु आमा जस्तै,
सायद
तिमी मौन छौ,
बोलि को के अर्थ?
गोळीको अर्थ भए को बेला भनेर।